# युवा रोजगारी तथा उद्यमशिलता विकास कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

मधेश प्रदेश सरकार

**अर्थ मन्त्रालय**

जनकपुरधाम

# युवा रोजगारी तथा उद्यमशिलता विकास कार्यक्रम (सञ्चालनतथा व्यवस्थापन) कार्यविधि, २०७८

**प्रस्तावना:** साना तथा लघु उद्यम व्यवसायलाई प्रोत्साहन गर्न तथा रोजगारीकोसुनिश्चितता सहितको सीप विकास गरी मधेश प्रदेशको दीगो आर्थिक र सामाजिक विकासमा योगदान गर्न विनियोजन ऐन, २०७८ को दफा ९(१) ले दिएको अधिकार प्रयोग गरी युवा रोजगारी तथा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्न मधेश प्रदेश सरकारलेयो कार्यविधि बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यो कार्यविधिको नाम "युवा रोजगारी तथा उद्यमशिलता विकास कार्यक्रम (सञ्चालनतथा व्यवस्थापन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले रोजगारी तथा स्वरोजगारीमा संलग्न हुन मन्त्रालय तथा मातहतका कार्यालयबाट उपलव्ध हुने नगद वा जिन्सीलाई सम्झनु पर्दछ ।

(ख) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ ।

(ग)"मन्त्रालय" भन्नाले मधेश प्रदेशको अर्थ मन्त्रालयलाई सम्झनु पर्दछ ।

(घ) "रोजगार" भन्नाले सीप विकास पश्चात न्यूनतम दुई बर्ष सम्म संलग्न भई तोकिएको न्यूनतम ज्याला आर्जन गर्नुलाई सम्झनु पर्दछ ।

(ङ) "लाभग्राही" भन्नाले कार्यक्रमबाट सहयोग प्राप्त गर्न दफा ८ बमोजिम योग्य व्यक्ति तथा समूहलाई सम्झनु पर्दछ।

(च) "युवा" भन्नाले अठार देखि चालिस वर्ष उमेर समूहका महिला, पुरुष तथा तेश्रो लिङ्गीलाई समेत सम्झनु पर्दछ ।

(छ) "विकास साझेदार" भन्नाले कार्यक्रम कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक र सहजिकरण गर्ने दातृ निकाय वा उक्त निकायबाट परिचालन भएको संस्थालाई सम्झनु पर्दछ ।

(ज) "वित्तीय संस्था" भन्नाले यस कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैङ्क तथा वित्तीय संस्थालाई सम्झनु पर्दछ ।

(झ) "स्थानीय तह" भन्नाले मधेश प्रदेशका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्दछ ।

(ञ) "स्वरोजगार" भन्नाले श्रम, सीप र ज्ञान र पूँजीको परिचालन गरी कुनै वस्तु वा सेवाको उत्पादन, त्यस्तो वस्तु वा सेवाको व्यापार वा कुनै उद्योग वा व्यापार व्यवसाय सञ्चालन वा त्यस्तै कुनै उद्यम वा आय आर्जन गर्ने कार्य सम्झनु पर्दछ ।

(ट) "साझेदार संस्था" भन्नाले यस कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका संस्थालाई सम्झनु पर्दछ।

(ठ) "सीप विकास" भन्नाले रोजगार तथा स्वरोजगारमा संलग्न हुन आवश्यक पर्ने ज्ञान शिप र क्षमतालाई सम्झनु पर्दछ ।

## परिच्छेद – २

## कार्यक्रम सञ्चालनको उद्देश्य, कार्यक्षेत्र तथा लक्षित वर्ग

३. उद्देश्य: यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) मागमा आधारित सीप विकास तथा वित्तीय सहजिकरण मार्फत रोजगारी तथा स्वरोजगारीका अवसर अभिबृद्धी गर्नु,

(ख) रोजगारीको खोजीमा रहेका युवालाई प्रदेश भित्र तथा वाहिर भएका उत्पादनशील कार्यमा संलग्न हुन सहजिकरण गर्नु,

(ग)कोभिड-१९ को असरलाई न्यूनिकरण गर्दै प्रदेशको अर्थतन्त्र चलायमान गराउनु ।

(घ) गरिबीतथा असमानताको दरलाई न्यूनिकरणमा सघाउ पुर्याउनु ।

४. <u>कार्यनीति</u>: यस कार्यक्रमको उद्देश्य प्राप्तिका लागि देहायका कार्यनीति अवलम्वन गरिनेछः-

(क) प्रदेशको सम्भावना तथा आर्थिक विकासका लागि उपयुक्त हुने रोजगार तथा उद्यमशिलताका क्रियाकलाप सञ्चालन गरिने छ ।

(ख)वित्तीय संस्थाएवम् रोजगारदाताको सहलगानीमा कार्यक्रम सञ्चालन गरिनेछ।

५. <u>कार्यक्रमको कार्यक्षेत्र</u>: (१) यो कार्यक्रम प्रदेशका सबै स्थानीय तहमा लागू हुनेछ।

(२) मन्त्रालयले स्रोत साधनको उपलब्धता, माग र आवश्यकता अनुसार कुनै निश्चित स्थानीय तहबाट कार्यक्रम सञ्चालन गरी क्रमश: विस्तार गर्न सक्नेछ ।

६. <u>लाभग्राहीलाई उपलव्ध हुने सहयोग:</u> यसकार्यक्रमका लाभग्राहीलेदेहायबमोजिमकोसहयोगप्रासगर्नसक्नेछन्:-

(क) स्वरोजगारमूलक क्रियाकलापमा संलग्न हुन कूल आयोजनाको कम्तिमा २० प्रतिशत लगानी गर्ने प्रतिवद्धता एवम् कार्यान्वयन योग्य व्यवसायिक प्रस्ताव सहितको आवेदन साझेदार संस्थामा प्राप्त भए बमोजिम उद्यमशिलता सहयोग ।

(ख) सीप विकासमा संलग्न हुने लाभग्राहीलाई नेपाल सरकारले तोकेको न्यूनतम ज्याला दररेटमा न्यूनतम २ वर्ष सम्मको रोजगारीको सुनिश्चितता सहितको प्रतिबद्धतापत्र ।

७. <u>कार्यक्रमका क्षेत्र</u>: (१) कार्यक्रम देहायका क्षेत्रमा कार्यान्वयन हुनेछः-

(क) वस्तुको उत्पादनसंग सम्बन्धित साना तथा मझौला उद्योग

(ख) हस्तकला

(ग) सूचना तथा सञ्चार प्रविधि

(घ) निर्माण व्यवसाय

(ङ) कृषि व्यापार

(च) पर्यटनतथा अतिथि सत्कार व्यवसाय

(२)मन्त्रालयले श्रम बजारको माग तथा रोजगारीको सम्भाव्यतालाई ध्यानमा राखेर अन्य क्षेत्रमाक्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

(३)मन्त्रालयले उद्यमशिलता विकासको क्षेत्रमा लाभग्राहीले प्रस्ताव गरेको व्यापारिक सम्भाव्यता तथा लगानीको आवश्यकतालाई मध्यनजर गरी वस्तु तथा सेवाको उत्पादन, मर्मत, विक्रि वितरण तथा सेवा प्रदान गरी स्थानीय उत्पादनको विकास र विस्तार गर्ने समेतको क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

८. <u>कार्यक्रमको लक्षित वर्ग</u>: (१) प्रदेशमा स्थायी वसोवास गरेका अठार देखि चालिस वर्ष उमेर समुहका युवाहरु ।

(२) कार्यक्रमले देहायका वर्गलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नेछ: -

(क) महिला

(ख) दलित तथा जनजाती

(ग) फरक क्षमता भएका व्यक्ति

(घ) शहिद परिवार

(ङ) वैदेशिक रोजगारी गुमाएर फर्केका ।

## परिच्छेद – ३

## <u>कार्यक्रम कार्यान्वयन प्रक्रिया</u>

९. <u>वित्तीय सहजिकरणका लागि वित्तीय संस्था छनौटकोलागि मन्त्रालयबाटप्रस्ताव आह्वान</u>: (१) मन्त्रालयले उद्यमशिलता विकासका क्रियाकलापहरुसञ्चालनका लागि १५ दिनको म्याद तोकि अनुसूची १ बमोजिम प्रस्ताव पेशगर्न बित्तीय संस्थाहरुलाई आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमकोप्रस्ताव पेश गर्दा वित्तीय संस्थाले देहायका विवरण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ:

(क) तोकिएको अवधिमा उपलव्ध गराउन सक्ने ऋण लगानीको रकमतथा ऋण सङ्ख्या,

(ख) विभिन्न क्षेत्रबाट लाभग्राहीलाई कार्यक्रममा सहभागी गराउन लिइने रणनीति तथा कार्यनीति,

(ग) वित्तीय संस्थाबाट प्रवाह हुन सक्ने ऋण प्रवाह, प्रकार र विधिको विवरण,

(घ) लाभग्राहीबाट प्राप्त आवेदनको छनौट गर्ने प्रक्रियाको विवरण,

(ङ) लाभग्राहीलाई स्वरोजगारमासंलग्न गराउन आवश्यक पर्ने सीप तथा क्षमताकोविकासमा सहयोग गर्ने प्रतिवद्धता,

(च) लाभग्राहीबाट प्राप्त व्यवसायिक प्रस्ताव अन्तरगत मन्त्रालयको अनुदान परिचालन गर्ने प्रक्रिया,

(छ) लाभग्राहीको अनुगमन र मन्त्रालयलाई प्रतिवेदन पेश गर्ने पद्दतीको विवरण।

(३) वित्तीय संस्थाहरुबाट प्राप्त प्रस्तावलाई माथि उपदफा २मा पेशगरेको कागजात प्रमाणको आधारमा दफा १७ बमोजिमको निर्देशक समितिले मुल्यांकन गरी गराई आवश्यकता अनुसार एक वा एक भन्दा बढी वित्तीय संस्थाको छनौट गर्ने छ ।

१०. <u>रोजगारीको प्रतिवद्धता सहित सीप विकास गर्न संस्था छनौटको लागि प्रस्ताव आह्वान</u>:

(१) मन्त्रालयले रोजगारीको प्रतिवद्धता सहितको सीप विकासका क्रियाकलाप सञ्चालन गर्न१५ दिनको म्याद तोकि रोजगारदाता तथा सीप विकास गर्ने संस्थाहरुबाटअनुसूचि २ बमोजिम प्रस्ताव पेश गर्न आह्वान गर्नेछ।

(२)उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा रोजगारदाता तथा सीप विकासमा संलग्न संस्थाहरुले देहायको विवरण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ: -

(क) आगामी २ वर्षमा रोजगारीको माग तथा प्रकृतिको प्रक्षेपण, रोजगारीमा संलग्न गराउन आवश्यक पर्ने सीप तथा क्षमताको विवरण र रोजगारीको प्रकृति बमोजिम आवश्यक पर्ने तालिम तथा पाठ्यक्रमको विवरण,

(ख) उपलव्ध रोजगारीका अवसरमा संलग्न हुन आवश्यक पर्ने न्यूनतम योग्यताको विवरण,

(ग) दफा ८ बमोजिमका लक्षित वर्गलाई सीप विकास सहितको रोजगारीमा संलग्न गराउने रणनीति तथा कार्यनीति,

(घ) कार्यक्रम सञ्चालन गर्न चाहेको क्षेत्रको विवरण,

(ङ) सीप विकासको क्रियाकलाप सञ्चालनका लागि आवेदकसंग उपलव्ध प्रशिक्षण केन्द्र, छात्रवास लगायतको भौतिक पूर्वाधारको विवरण एवम् तोकिएकै समयमा सीप विकासको क्रियाकलाप सञ्चालन गर्न सक्ने क्षमताको विवरण,

(च) सीप विकास पश्चात न्यूनतम दुई वर्षका लागि रोजगारीमा संलग्न गराउने प्रतिवद्धताको प्रमाण,

(छ) महिला तथा बञ्चितिकरणमा परेका व्यक्तिलाई सीप विकासका क्रममा उपलव्ध हुने स्वास्थ्य तथा सुरक्षाप्रवन्धको सम्बन्धमा संस्थाको नीति,

(ज) सीप विकास तथा रोजगारीमा संलग्न भएको विवरणको अनुगमन तथा मन्त्रालयलाई प्रतिवेदन पेश गर्ने पद्दतीको विवरण ।

(३) सीप बिकास गर्ने संस्थाहरुबाट प्राप्त प्रस्तावलाई माथि उपदफा २मा पेश गरेको कागजात \ प्रमाणको आधारमा दफा १७ बमोजिमको निर्देशक समितिले मुल्यांकन गरी गराई आवश्यकता अनुसार एक वा एक भन्दा बढी सीप बिकास गर्ने संस्थाको छनौट गर्ने छ ।

११. <u>कार्यक्रममा सहभागी हुन सूचना प्रकाशन गरिने</u>: (१) मन्त्रालयलेदफा १०(३) बमोजिम छनौट भएका साझेदार संस्थामार्फत सञ्चार माध्यममा१५ दिने सूचना प्रकाशन गरी गराईलाभग्राहीलाई कार्यक्रममा सहभागी हुन आवेदन आह्वानगर्नेछ।

(२)उपदफा (१) वमोजिमको सूचनामा लाभग्राहीले रोजगारी तथा स्वरोजगारमा संलग्न हुन व्यहोर्नु पर्ने रकमको प्रतिशत बमोजिम सहयोग प्राप्त हुन सक्ने ऋण तथा अनुदानको विवरणवा सीप विकास पश्चातको रोजगारीको प्रकृति र आवेदन दिने अन्तिम समय उल्लेख गर्नु पर्नेछ ।

(३) मन्त्रालयतथाअन्तर्गतकाकार्यालय, स्थानीयतहको वेवसाइट तथा रोजगार सेवा केन्द्रको सूचना पाटीर विकास साझेदार सूचना प्रवाह गर्ने विधिमा समेत उपदफा (१) बमोजिमको सूचना प्रकाशनगरिनेछ।

(४)मन्त्रालयले कार्यक्रमप्रवर्द्धन गर्न व्यापारिक संघ सङ्गठन, गैरसरकारी क्षेत्र तथा सामुदायिक समूहसंग सहकार्य गर्न गराउन सक्नेछ ।

१२. <u>आवेदन दिनु पर्ने</u>: (१)यस कार्यक्रममा सहभागि हुन दफा ८ बमोजिमको योग्यता पुगेका लाभग्राहीले दफा १०(३) मा छनौट भएका सीप बिकास गर्ने साझेदार संस्था मार्फत १५ दिन भित्र देहायका कागजातहरु संलग्न राखिनिम्न अनुसारको विवरण सहित आवेदन दिनु पर्नेछः-

(क)नेपालीनागरिकताप्रमाणपत्रकोप्रतिलिपि,

(ख) बार्षिकआय, बेरोजगारीरआश्रितपरिवारसंख्याखुल्नेगरी कार्यक्रममा सहभागी गराउनसम्बन्धितवडा वा स्थानीय तहकोसिफारिस,

(ग) **उद्यमशिलताविकासका लागि**: वैयक्तिक विवरणसहितसम्बन्धित रोजगार तथा स्वरोजगार/उद्यमशिलता विकासका लागि आवश्यक पर्ने तोकिएको ढाँचामा प्रस्ताव पत्र,

(घ) रोजगारी सहितकोसीप विकासका लागिआवश्यक शिक्षा, अनुभव तथा सीपसंग सम्बन्धितकागजातकोप्रतिलिपि,

(ङ) वैदेशिक रोजगारीबाट फर्केको आवेदकले कार्यक्रममा सहभागी हुन आवेदन दिन इच्छुक रहेमा सम्भव भएसम्मदुई वर्ष भित्र वैदेशिक रोजगारीबाट फर्केको व्यहोरा देखिने कागजातको प्रतिलिपि,

(च) उपलव्ध भए सम्म स्थायी लेखा नंबरको प्रतिलिपि,

(छ) कार्यक्रमको साझेदारले तोकको अन्य कागजपत्र ।

१३. <u>आवेदनको छानविन</u>: (१)दफा १२ बमोजिम प्राप्त आवेदनलाई सीप बिकास गर्ने साझेदार संस्थाले दफा ८ बमोजिम लक्षित वर्गको प्राथमिकताको आधार र दफा १२ बमोजिम प्राप्त कागजातहरुको आधारमा छानविन गरी लाभग्राहीको अन्तिम सूचि तय गर्नु पर्नेछ ।

(२)सीप बिकास गर्ने साझेदार संस्थाले उपदफा (१) बमोजिमको सूचि तथा आवश्यक पर्ने रकमको विवरण मन्त्रालयलाई जानकारी दिनु पर्नेछ ।

१४. <u>लाभग्राहीको छनौट</u>: (१)मन्त्रालयले दफा १३(२)बमोजिम प्राप्त विवरण एवम् कार्यविधीले तोकेको क्षेत्र बमोजिम रहे नरहेको सम्वन्धमा छानविन गर्न गराउन सक्नेछ ।

(२)लाभग्राहीको अन्तिम छनौटमाकूल लाभग्राहीसङ्ख्यालाई सतप्रतिशत मानि देहाय बमोजिमको प्रतिशत अनुसार छनौट गर्नु पर्नेछः-

| | | | |
|---|---|---|---|
| (क) | मधेसी | - | ४० प्रतिशत |
| (ख) | वैदेशिक रोजगारी गुमाएर फर्केका व्यक्ति | - | ११ प्रतिशत |
| (ग) | दलित | - | १७ प्रतिशत |
| (घ) | शहिद परिवार | - | १० प्रतिशत |
| (ङ) | मुसलमान | - | ११ प्रतिशत |
| (च) | आदिवासी जनजाती / थारु | - | ५ प्रतिशत |
| (छ) | आर्थिक रुपले विपन्न खस आर्य | - | ४ प्रतिशत |
| (ज) | फरक क्षमता भएका व्यक्ति | - | २ प्रतिशत |

(३) उपदफा (२)बमोजिमको समूहबाट कम्तिमा चालिस प्रतिशत महिला लाभग्राहीको छनौट गर्नु पर्नेछ ।

(४) मन्त्रालयले लाभग्राहीको अन्तिम सूची तयार गरीसीप बिकास गर्ने साझेदार संस्था मार्फत प्रकाशन गर्ने गराउनेछ ।

१५. <u>अनुदान रकमभुक्तानी</u>: (१)सहयोग रकम अधिकतम सीमा रु. पचास हजार वा लाभग्राही/साझेदार संस्थाले प्रस्ताव गरे बमोजिम निर्धारण भएको रकम मध्ये जुन कम हुन्छ सोहि बमोजिम निर्धारण हुने गरी मन्त्रालयले साझेदार संस्थालाई अनुदान रकम उपलव्ध गराउनेछ ।

(२)मन्त्रालयले उपलव्ध गराउने सहयोग साझेदार संस्थाले पेश गरेको प्रमाणका आधारमा एक बर्षमा तीन किस्तामा नबढ्नेगरी भुक्तानी गर्न सक्नेछ ।

(३) उपदफा(१) वाहेकका अन्य खर्च सम्बन्धित सीप बिकास गर्ने साझेदार संस्थाले व्यहोर्नु पर्नेछ।

१६. <u>प्रोत्साहनमूलक क्रियाकलाप गर्न सकिने</u>: साझेदार संस्थाले सफलतापूर्वक कार्यक्रम सञ्चालनमा सहयोग गरे वापत मन्त्रालयले कदर पत्र उपलव्ध गराउन सक्नेछ।

## परिच्छेद – ४

## संस्थागत व्यवस्था

१७. <u>निर्देशक समिति</u>: (१) यस कार्यक्रमका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) माननीय मन्त्री, अर्थ मन्त्रालय | - | संयोजक |
| (ख) माननीय उपाध्यक्ष, नीति तथा योजना आयोग, | - | सदस्य |
| (ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय | - | सदस्य |
| (ग) सचिव,अर्थ मन्त्रालय | - | सदस्य |
| (घ) सचिव, उद्योग, पर्यटन तथा वन मन्त्रालय | - | सदस्य |
| (ङ) सचिव, महिला, वालवालिका, युवा तथा खेलकुद मन्त्रालय | - | सदस्य |
| (च) प्रदेश कोष नियन्त्रक | - | सदस्य |
| (छ)निर्देशक, नेपाल राष्ट्र बैङ्क | - | सदस्य |
| (ज) उधोग बाणिज्य संघको प्रतिनिधि | - | सदस्य |
| (झ) प्रदेश अर्थ मन्त्रालयको उपसचिव | - | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार बिकास साझेदार संस्थाको प्रतिनिधि तथा अन्य लाई समेत बिशेष सदस्यको रुपमा आमन्त्रण गर्न सक्ने छ ।

(३)निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) वित्तीय संस्था तथा सीप बिकास गर्ने साझेदार संस्थाको छनौट गर्ने गराउने ।

(ख) कार्यक्रमको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने।

(ग) कार्यक्रमको समग्र समन्वय, नियमित अनुगमन, सहजिकरण र समिक्षा गर्ने ।

(घ) कार्यक्रमको लागि आवश्यक पर्ने नीतिगतसमिक्षा निर्णय गरी गर्ने ।

(ङ) प्रचलित कानुन बमोजिमको मापदण्ड तथा सूचकहरुको आधारमा कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(च) नेपालमा कार्यरत विकास साझेदारको सेवा प्राप्ति एवम् कार्यक्रम सञ्चालन र अनुगमन गर्ने प्रयोजनका लागि प्राविधिक तथा वित्तीय सहयोग प्राप्त गर्न सक्ने ।

(छ) कार्यक्रमको भौतिक तथा वित्तीय प्रगतिको सम्बन्धमा प्रत्येक त्रैमासिकमा बैठक बसी आवश्यक नीतिगत निर्णय लिने।

(ज) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्ने ।

१८. **कार्यक्रम कार्यान्वयन एकाई**: (१) यो कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयले एक कार्यक्रम कार्यान्वयन एकाईको गठन गर्नेछ ।

(२) मन्त्रालयले कार्यक्रम सञ्चालनको लागि निर्देशक समितिको सदस्य सचिवको नेतृत्वमा एक कार्यक्रम कार्यान्वयन एकाईको गठन गर्ने छ।

(३) साझेदारी व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन गर्न गराउन आवश्यकजनशक्ति तथा श्रोतको व्यवस्था गर्नेछ ।

(३) एकाईमा कार्यक्रम कार्यान्वयनको लागि प्राविधिक सहयोग उपलव्ध गराउन विकास साझेदारलाई समेत परिचालन गर्न सकिने छ ।

(४)निर्देशक समितिबाटनिर्धारित काम तथा योजनाहरु लाई कार्यक्रम कार्यान्वयन एकाईले कार्यान्वयन गर्ने गराउनेछ ।

१९. **मन्त्रालयको जिम्मेवारी**: कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) कार्यक्रमको लागि बजेट तथा समन्वयको लागि आवश्यक जनशक्ति उपलव्ध गराउने,

(ख) कार्यक्रम कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने नीतिगत निर्णय लिने,

(ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने तथा सो को लागि आवश्यक पर्ने व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने गराउने ।

(घ) कार्यक्रम साझेदारसंस्थाले पेश गरेको कागजातको परिक्षण गर्ने गराउने,

(ङ) साझेदार संस्थाले पेश गरेको प्रगति र अनुगमन प्रतिवेदनको आधारमा भुक्तानी दिने,

(च) अन्य आवश्यक पर्ने नीतिगत निर्णयको कार्यान्वयनमा सहजिकरण गर्ने गराउने ।

२०. <u>विकास साझेदारको जिम्मेवारी</u>:युवा रोजगारी तथा उधमशिलता विकास कार्यक्रम लाई सघाउ पुर्याउन इच्छुक साझेदार संस्थाहरुको रोस्टम तयार गरी सहयोग लिन सक्ने छ ।

साझेदारहरुको देहाय बमोजिमको जिम्मेवारी रहने छः -

(क) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यविधि तथा नीतिगत निर्णयको लागि प्राविधिक सहयोग पुऱ्याउने,

(ख) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा सहयोग गर्ने,

(ग)साझेदार संस्थाको छनौटमा आवश्यक सहयोगगर्ने,

(घ)कार्यक्रमको लागि आवश्यक पर्ने अन्य सेवा तथा सहयोग उपलव्ध गराउने ।

२१. <u>रोजगारी सुनिश्चितता सहितको सीप विकास गराउने साझेदार संस्थाको जिम्मेवारी</u>: (१) रोजगारीको सुनिश्चितता सहितको सीप विकास क्रियाकलाप सञ्चालन गर्न साझेदार संस्थाकोदेहायको जिम्मेवारी रहनेछः-

(क) मन्त्रालयको सहकार्यमा लाभग्राही छनौटको सूचना प्रकाशन गर्ने,

(ख) आवेदन दिने प्रक्रियामा सहयोग उपलव्ध गराउने,

(ग) प्राप्त आवेदनको छानविन गरी लाभग्राहीको प्रारम्भिक सूचि तय गर्ने,

(घ) सीप विकासको लागि आवश्यक पर्ने प्रशिक्षक, पूर्वाधार तथा सीप विकासका लागि अन्य व्यवस्था मिलाउने,

(ङ) रोजगारमूलक सीप विकास पश्चात अनिवार्यरुपमा २ वर्षको रोजगारीको सुनिश्चितता गर्ने,

(च) मन्त्रालयले तोकेको फर्म्याटमा नियमित र आवधिक प्रतिवेदन पेश गर्ने,

(छ) मन्त्रालयसंगको सम्झौतापत्र बमोजिमका अन्य कार्य गर्ने गराउने ।

(२) संस्थाले आवश्यकता अनुसार सीप परिक्षण तथा सो को प्रमाण पत्र उपलव्ध गराउनुपर्नेछ ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिमको प्रमाणपत्रमा, मधेश प्रदेश सरकार तथा विकास साझेदारको लोगो तथा नाम संलग्न गर्न गराउन सक्नेछ ।

२२. **स्वरोजगारी /उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्ने साझेदार संस्थाको जिम्मेवारी:**(१)उद्यमशीलता विकास क्रियाकलाप सञ्चालन गर्ने साझेदार संस्थाको देहायको जिम्मेवारी रहने छ:-

(क) मन्त्रालयको सहकार्यमा लाभग्राही छनौटको सूचना प्रकाशन गर्ने,

(ख) लाभग्राहीको आवेदन प्रक्रियामा सहयोग उपलव्ध गराउने,

(ग) प्राप्त आवेदनको छानविन गरी स्वरोजगारी / उद्यमशिलता विकासको लागि ऋण तथा अनुदान रकमको परिचालन गर्न लाभग्राहीको सूचि तय गर्ने,

(घ) सम्झौता बमोजिम ऋण तथा अनुदान रकमको प्रवाह गर्ने,

(ङ) ऋण तथा अनुदान रकमको परिचालन उद्देश्य बमोजिम कार्यान्वयन भएको सुनिश्चित गर्ने,

(च) मन्त्रालयले तोकेको फर्म्याटमा नियमित र आवधिक प्रतिवेदन पेश गर्ने,

(छ) मन्त्रालयसंगको सम्झौतापत्र बमोजिमका अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद-५.

## कार्यक्रमकोअनुगमनरसमीक्षा

२३. **मन्त्रालयबाटअनुगमन:** (१) मन्त्रालयले कार्यक्रमको नीतिगत, कार्यक्रम कार्यान्वयन तथा प्रगतिको नियमित र आवधिक अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन कार्यमा सम्बन्धित सबै सरोकारवालाले सहयोग गर्नु पर्नेछ ।

(३) मन्त्रालयको अनुगमनका क्रममाकुनैकार्य कार्यक्रमको उद्देश्य वा कार्यविधि बमोजिम नभएको पाईएमाउक्त कार्यमासुधारगर्न लाभग्राही तथा साझेदार संस्थालाई निर्देशनदिनेछ ।

(४) उपदफा (३) बमोजिमदिइएकोनिर्देशनतोकिएको समयावधिभित्रसुधारगर्नुसम्वन्धितलाभग्राही तथा साझेदार संस्थाको कर्तव्यहुनेछ।

२४. **अनुदान रोक्का तथा कारवाही**:(१) मन्त्रालयले अनुगमन गर्दा कार्यक्रमको उद्देश्य बमोजिम कार्य प्रगति नभएको वा कार्य प्रगति सन्तोषजनक नभएको वा अनुगमनका क्रममा लाभग्राही तथा साझेदार संस्थालाई सुधारका लागि दिइएको निर्देशन कार्यान्वयन नभएको अवस्था देखिएमा अनुदानको निकाशा रोकी निश्चित समय तोकि सुधारको मौका दिनेछ ।

(२)मन्त्रालयले उपदफा (१) बमोजिम सुधारको मौका दिँदा समेत सुधार नभएमा वा अनुदान रकम हिनामिना हुन सक्ने आधार देखिएमा उक्त लाभग्राही वा साझेदार संस्थाबाट अनुदान रकम फिर्ता गर्न निर्देशन दिनेछ ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिम अनुदान फिर्ता गर्न दिइएको निर्देशनको पालना नभएमा प्रचलित कानुन बमोजिम रकम सरकारी बाँकि सरह असूल उपर गर्नेछ ।

## परिच्छेद-६
## अन्य

२५. **प्रचलित कानून बमोजिम**:यस कार्यक्रमको कार्यान्वयनका लागि कार्यविधिमा उल्लेख भए बाहेकका विषयबस्तुहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२६: **पारदर्शिता र उत्तरदायित्य**: (१) यो कार्यक्रम सञ्चालन गर्न प्रचलित कानुन बमोजिमको पारदर्शिता र उत्तरदायित्व कायम गरिनु पर्नेछ।

(२)यस कार्यविधि बमोजिम सीप विकास तथा उद्यमशिलता विकासको क्रियाकलापमा सम्बन्धित लाभग्राही / साझेदार संस्थाले क्रियाकलाप कार्यान्वयन गर्ने स्थानमा कार्यक्रमको विवरण खुल्ने गरी सूचना पाटी राख्नु पर्नेछ ।

२७. **संशोधनरखारेजी**:प्रदेश सरकारलेआवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सक्नेछ र आवश्यक नठानेमा खारेजी समेत गर्न सक्ने छ ।

अनुसूचि - १

(दफा ९ को उपदफा (१) संग सम्बन्धित)

<u>स्वरोजगारी/उद्यमशीलताकालागि प्रस्ताव</u>

मधेश प्रदेश सरकार
मन्त्रालय
जनकपुरधाम, नेपाल

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

१. <u>प्रस्ताव पेश गर्ने बित्तीय संस्था</u>

संस्थाको नाम: ..................................

दर्ता नंबर: .......................................

स्थापना भएको मिति: ........................................

कूल पूँजि: ........................................

संक्षिप्त परिचय ..........................................................................................

सञ्चालकहरुको नाम ......................................................................................... सम्पर्क व्यक्तिको नाम ठेगाना र फोन नम्बर ........................................

२. प्रस्ताव गरिएको क्रियाकलाप (हरु) को विवरण ......................................

३. प्रस्ताव गरिएको क्रियाकलाप (हरु) सञ्चालनमा संस्थाको अनुभव: ...................

४. कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिएको लाभग्राहीको सङ्ख्या: .....................................

५. क्रियाकलाप सञ्चालन गर्न प्रस्ताव गरिएको स्थानीय तहको:

| जिल्ला | स्थानीय तहको नामहरु |
|---|---|
| सप्तरी | |
| सिरहा | |
| धनुषा | |
| महोत्तरी | |
| सर्लाही | |
| रौतहट | |
| बारा | |
| पर्सा | |

६. कार्यक्रममा लाभग्राहीलाई सहभागी गराउन संस्थाले लिने रणनीति तथा कार्यनीतिः-

| क्रियाकलाप | रणनीति तथा कार्यनीति |
|---|---|
| लाभग्राहीलाई कार्यक्रममा आवद्ध हुन सूचना प्रकाशन | |
| लाभग्राहीलाई जानकारी दिन सञ्चारगरिने माध्यम र पद्दती | |
| लाभग्राहीलाई व्यवसायिक प्रस्ताव निर्माण तथा आवेदन प्रक्रियामा सहजिकरण | |
| आवेदनको छानविनगर्ने पद्दती | |
| आवेदनको छनौट गर्ने आधार | |
| लाभग्राहीको ऋण स्वीकृततथा सरकारी अनुदान परिचालन प्रयोजनको लागि प्रारम्भिक सूचि तयार गर्नेपद्दती | |
| लाभग्राहीसंग वित्तीय सम्झौतातथा स्वीकृत लाभग्राहीलाई भुक्तानी गर्ने विवरण | |
| अनुदान रकम तथा ऋण भुक्तानी निकाशा दिने विधि | |
| सहुलियत प्राप्त गर्ने लाभग्राहीको अनुगमन गर्ने विधि | |
| मन्त्रालयलाई प्रगति प्रतिवेदन विधि | |

७. आर्थिक प्रस्ताव

| क्रियाकलाप | ऋण लगानी | लाभग्राहीको न्यूनतम रकम | कार्यक्रमको सहयोग | संस्थाले लगानी गर्ने | दफा १५(२) बमोजिम ऋण |
|---|---|---|---|---|---|

| | सङ्ख्या | परिचालन हुनु पर्ने रु | रकम रु. | कूलरकम रु. | प्रवाह हुने व्यक्तिको सङ्ख्या |
|---|---|---|---|---|---|
| | | | | | ............ |
| | | | | | ............ |
| कूल | ......... | | ........... | ............ | ............ |

८. अपेक्षित प्रतिफल :...............................................................................

९. लाभग्राहीको सूचनासङ्कलन तथा तथ्याङ्क व्यवस्थापन गर्ने विधि तथा प्रक्रिया: ---------

१०. लाभग्राहीको अनुगमन र मूल्याङ्कन प्रक्रिया; ---------------------------------

११. लाभग्राहीले पेश गरेको प्रस्ताव बमोजिम कार्य नगरेमा रकम अशुलउपर गर्ने विधी:---

१२. प्रस्ताव पेश गरिएको क्रियाकलाप कार्यान्वयन गर्ने कार्ययोजना

संस्थाबाट प्रस्ताव पेश गर्ने आधिकारिक प्रतिनिधी

नाम: ..............................................

पद: ..............................................

हस्ताक्षर ....................................

संस्थाको छाप

नोट:

१. प्रस्ताव पेश गर्दासंस्थागत निर्णय पेश गर्नु पर्नेछ।

२. प्रस्तावसंग संस्था सञ्चालन गर्न इजाजत पत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

३. प्रस्ताव गरिएको क्रियाकलापलाई सहयोग गर्ने अन्य आवश्यक कागजात संलग्न गर्न सकिनेछ ।

## अनुसूचि - २

### (दफा १० को उपदफा (१) संग सम्बन्धित)

# रोजगारीको प्रतिवद्धता सहितको सीप विकास सञ्चालन गर्ने प्रस्ताव

१. प्रस्ताव पेश गर्ने

संस्थाको नाम: ..................................

दर्ता / स्वीकृति नंबर: .......................................

स्थापना भएको मिति: ..........................................

कूल पूँजि: .........................................

संस्थाको परिचय : ........................................................................................

सञ्चालकहरुको नाम..........................................................................................

सम्पर्क व्यक्तिको नाम ठेगानार सम्पर्क नम्वर: .......................................

२. प्रस्ताव गरिएको क्रियाकलाप (हरु) को विवरण : ....................................

३. प्रस्ताव गरिएको क्रियाकलाप (हरु) सञ्चालनमा संस्थाको अनुभव : .................

४. कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिएको लाभग्राहीको सङ्ख्या: .....................................

५. क्रियाकलाप सञ्चालन गर्न प्रस्ताव गरिएको स्थानीय तहको नाम

| जिल्ला | स्थानीय तहको नामहरु |
|---|---|
| सप्तरी | |
| सिरहा | |
| धनुषा | |
| महोत्तरी | |
| सर्लाही | |
| रौतहट | |
| बारा | |
| पर्सा | |

६. प्रस्ताव गरिएको स्थानमा रोजगारीको अवस्था:

वर्तमान अवस्थाको विश्लेषण; ................................

सीप विकास प्रस्ताव गर्नु पर्ने कारण: ..............................................................

रोजगारीको अवस्था:

| रोजगारी/स्वरोजगारीको प्रकृति / पद | वर्तमान सङ्ख्या | आगामी २ वर्षमा माग हुन सक्ने माग सङ्ख्या | रोजगारी सहित सीप विकासको लागि प्रस्ताव गरिएको सङ्ख्या | | सीप विकासमा संलग्न हुन आवश्यक न्यूनतम योग्यता | सीप विकास गर्न लाग्ने समय |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | |
| | | | | | | |
| कूल | | | | | | |

७. कार्यक्रम तथा लाभग्राहीलाई सहजिकरण गर्न संस्थाले लिने रणनीति तथा कार्यनीति:-

| क्रियाकलाप | रणनीति तथा कार्यनीति |
|---|---|
| लाभग्राहीलाई कार्यक्रममा आवद्ध हुन सूचना प्रकाशन | |
| लाभग्राहीलाई जानकारी दिन सञ्चारगरिने पद्दती | |
| लाभग्राहीलाई आवेदन प्रक्रियामा सहजिकरण | |
| आवेदनको छानविन गर्न | |
| आवेदनको छनौट गर्ने आधार | |
| सीप विकास तथा रोजगारीमा संलग्न गराउने प्रयोजनको लागि लाभग्राहीको अन्तिम सूची प्रकाशन गर्ने विधि | |
| सीप विकास तथा रोजगारीमा संलग्न गराउने प्रयोजनको लागि सहलगानी | |

| | |
|---|---|
| गर्ने प्रतिवद्धता | |
| सीप विकास तथा रोजगारीमा संलग्न गराउने प्रयोजनको लागि मन्त्रालयको अनुदान परिचालन गर्ने पद्दती | |
| आवश्यकता बमोजिम सीप विकासको पाठ्यक्रम तर्जुमा विधि | |
| सीप विकास पश्चात रोजगारीको सुनिश्चितता गर्ने विधि | |
| सीप विकास गर्ने तथा सीप विकास पश्चात रोजगारीमा संलग्न गराउने प्रक्रियाको अनुगमन गर्ने विधि | |
| मन्त्रालयलाई प्रगति प्रतिवेदन विधि | |

८. सीप विकास क्रियाकलाप सञ्चालन गर्न उपलव्ध प्रशिक्षण केन्द्र, छात्रवास लगायतको भौतिक संरचनाको वर्तमान अवस्थाको विवरण: ........................................................

९. प्रत्येक रोजगारीका अवसरमा सीप विकास क्रियाकलाप गर्ने पद्दतीको विवरण: .........

१०. महिला तथा बञ्चितिकरणमा परेका व्यक्तिलाई सीप विकास तथा रोजगारीमा संलग्न गराउने विधि / पद्दती ........................................................................................

११. महिला तथा बञ्चितिकरणमा परेका व्यक्तिलाई सीप विकासका क्रममा उपलव्ध हुने स्वास्थ्य तथा सुरक्षाप्रवन्धको सम्बन्धमा संस्थाको नीति.................................................

१२. आर्थिक प्रस्ताव

| रोजगारीको | रोजगारीमा | लाभग्राहीको | कार्यक्रमबाट | संस्थाले | कूल रकम |
|---|---|---|---|---|---|

| प्रकृति तथा पद | संलग्न गराउने तालिममा लाभग्राहीको सङ्ख्या | रकम परिचालनगरिने अवस्थामा रु. | सहयोगको अपेक्षा गरिएको रकम रु. | सहभागी गर्ने रकम रु. | रु. |
|---|---|---|---|---|---|
| | | | | | ............ |
| | | | | | ................ |
| कूल | ......... | | ........... | ............ | ............. |

१३. अपेक्षित प्रतिफल :..............................................................................

१४. लाभग्राहीको सूचनासङ्कलन तथा तथ्याङ्क व्यवस्थापन गर्ने विधि तथा प्रक्रिया: ...........

१५. लाभग्राही अनुगमन र मूल्याङ्कन विधि तथा प्रक्रिया: ........................................

१८. लाभग्राहीले रोजगारी तथा स्वरोजगारीमा संलग्न नभएमा अनुदान रकम अशुलउपर गर्ने विधी: ..........................................................................................

१९. प्रस्ताव पेश गरिएको क्रियाकलाप कार्यान्वयन गर्ने कार्ययोजना

नाम : ..............................................

पद : ..............................................

हस्ताक्षर ...................................

संस्थाको छाप

नोट (Note):

१. कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गर्दासंस्थागत निर्णय पेश गर्नु पर्नेछ ।

२. प्रस्तावसंग संस्था सञ्चालन गर्न इजाजत पत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

३. प्रस्ताव गरिएको क्रियाकलापलाई सहयोग गर्ने अन्य आवश्यक कागजात संलग्न गर्न सकिनेछ ।